लुम्बिनी प्रदेश सरकार
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
कृषि बिकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र

तम्घास, गुल्मी

## कार्यक्रम सञ्चालनका लागि आवेदन/प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

*(प्रथम पटक प्रकाशन भएको मिति २०८०।०२।१०)*

आर्थिक वर्ष २०७९/८० को वार्षिक स्वीकृत कार्यक्रम (संघ सशर्त अनुदान) अनुसार तपसील अनुसारका कार्यक्रमहरूमा सहभागी हुन इच्छुक आवेदकहरूले सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र (मिति २०८०।०२।२४ गते सम्म) यस केन्द्रमा केन्द्रले निर्धारण गरेको ढाचामा कार्यक्रम प्रस्ताव सहित तपसील बमोजिमका कागजात संलग्न राखि निवेदन पेश गर्नुहुन सम्बन्धित सबै (कृषक समूह/कृषि सहकारी/कृषक उद्यमी/ फर्म/कम्पनी) को जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । प्रस्ताव साथ पेश गर्नु पर्ने निवेदनको ढाँचा, व्यावसायिक योजना, संलग्न गर्नु पर्ने कागजात, सञ्चालन कार्यविधि कृषि ज्ञान केन्द्र, केन्द्रको वेवसाईट (gulmi.akc.gov.np) बाट प्राप्त गर्न सकिनेछ ।

तपसील

| क्र. स. | कार्यक्रम | सञ्चालन गर्न सकिने क्रियाकलापहरु | कार्यक्रम सञ्चालन हुने क्षेत्र वा स्थान | आवेदकको किसिम | अनुदानको प्रतिशत | बजेट रु लाखमा |
|---|---|---|---|---|---|---|
| १ | सुन्तलाजात फलफूल नर्सरी सुदृढीकरण कार्यक्रम | १. सुन्तलाजात फलफूल नर्सरीमा स्क्रिन हाउस निर्माण कार्य<br>२. स्क्रिन हाउसभित्र सिंचाई पूर्वाधार निर्माण र व्यवस्थापन कार्य<br>३. माउ बोट खरिद तथा संरक्षणको लागि आवश्यक सामाग्री खरिद | जिल्ला भरि | निजी उद्यमी/ समुह/सहकारी संस्थाबाट संचालित सुन्तलाजात फलफूल नर्सरी | सामुदायिक पूर्वाधारको हकमा ८५%र निजी कृषि पूर्वाधारको हकमा ५०% | १० |
| २ | मध्य पहाडमा मकै बीउ श्रोत केन्द्र स्थापना तथा सुद्दढीकरण सहयोग कार्यक्रम | पूर्वाधार निर्माण/सबलिकरण तथा यान्त्रिकिकरण सहयोग<br>१.मकै रोप्ने मेसिन,गोड्ने मेसिन र दाना छोडाउने मेसिन<br>२.बीउ प्रशोधन कक्ष/गृह मर्मत र थ्रेसिङ्ग फ्लोर निर्माण<br>३.बीउ प्रशोधन मेसिन ,त्रिपाल र तराजु<br>४.बीउ चिस्यान मापन गर्ने | प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत मकै जोन/सुपरजोन लागु नभएका | बीउ उत्पादक कृषक समुह/ सहकारी/सामुदायिक बीउ बैंक/ | सामुदायिक पूर्वाधारको हकमा ८५%र कृषि उपकरणमा ५०% अनुदान | २५ |

"समृद्ध लुम्बिनी : आत्मनिर्भर प्रदेश"

☎०७९-५२०१२६, Email: akcgulmi2075 @gmail.com/websites:gulmi.akc.gov.np

नवराज अधिकारी
प्रमुख

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | यन्त्र<br>५. बीउ प्याकिङ्ग गर्ने बोरा र सिलाउने मेसिन<br>६.सिड ट्रिटर र विषादी छर्ने मेसिन<br>७.मेटल बीन/हर्मिटिक ब्याग<br>८. बीउ ढुवानीमा सहयोग | क्षेत्र | | | |
| ३ | **उन्नत बीउ उत्पादकका लागि पूर्वाधार तथा प्रशोधन विकास सहयोग** | **पूर्वाधार निर्माण/सबलिकरण तथा यान्त्रिकिकरण सहयोग**<br>१. रोप्ने मेसिन,गोड्ने मेसिन र दाना छोडाउने मेसिन<br>२.बीउ प्रशोधन कक्ष/गृह मर्मत र थ्रेसिङ्ग फ्लोर निर्माण<br>३.बीउ प्रशोधन मेसिन ,त्रिपाल र तराजु<br>४.बीउ चिस्यान मापन गर्ने यन्त्र<br>५. बीउ प्याकिङ्ग गर्ने बोरा र सिलाउने मेसिन<br>६.सिड ट्रिटर र विषादी छर्ने मेसिन<br>७.मेटल बीन/हर्मिटिक ब्याग | जिल्ला भरी | बीउ उत्पादक कृषक समुह/ सहकारी/सामुदायिक बीउ बैंक/ | सामुदायिक पूर्वाधारको हकमा ८५%र कृषि उपकरणमा ५०% अनुदान | १५ |

**आवश्यक कागजातहरू:**

१. निवेदन (निवेदनको ढाँचा उपलब्ध रहेको)
२. दर्ता/नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपि (समूह/निजी फर्म/कम्पनी/सहकारी)।
३. स्थायी लेखा नम्बर प्रमाण-पत्र तथा गत आर्थिक वर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि ।
४. कृषक तथा कृषक समूहको हकमा स्थायी लेखा नम्बर, प्रमाण-पत्रको प्रतिलिपि ।
५. व्यावसायिक कार्ययोजना सहितको प्रस्ताव (ढाँचा उपलब्ध रहेको ।
६. सम्बन्धित स्थानीय तहको सिफारिश पत्र।
७. समूह तथा सहकारीका हकमा अनुदान माग गर्न गरिएको संस्थाको निर्णयको प्रतिलिपि।
८. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि।
९. निर्माण गरिने पूर्वाधारको हकमा लागत अनुमान तथा नक्सा ।
१०. जग्गा धनी दर्ता प्रमाण पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा (करार पत्र)।

2080/02/10
नवराज भण्डारी
प्रमुख

लुम्बिनी प्रदेश सरकार
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
कृषि बिकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र

तम्घास, गुल्मी

पुनस्च: उल्लेखित मिति भित्र आवश्यक कागजात तथा प्रक्रिया नपुगेका आवेदनहरु माथि प्रक्रिया अगि बढाउन कार्यालय बाध्य हुने छैन । आवेदन तथा प्रस्ताव भर्न नजानेका कृषक, कृषक समूह तथा सहकारीहरुलाई कृषि ज्ञान केन्द्रमा स्थापना गरिएको सेवाग्राही सहयोगि कक्षमा रहेका कर्मचारीहरुबाट र यस केन्द्र मार्फत स्थानीय तहमा खटाईएका प्राविधिकहरुबाट सहजिकरण हुनेछ ।

<u>थप जानकारीका लागि</u>

**कृषि ज्ञान केन्द्र, गुल्मी**

०७९-५२०१२६

नबराज भण्डारी
प्रमुख

"समृद्ध लुम्बिनी : आत्मनिर्भर प्रदेश"

०७९-५२०१२६, *Email: akcgulmi2075* @gmail.com/websites:gulmi.akc.gov.np